स्थानीय सरकार

सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका

## Duhabi Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of Municipal Executive

दुहवी, सुनसरी

प.सं.-२०८३/०८४
च.नं.-

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

मितिः २०८३/०५/०९

## स्थानीय पर्व विदा सम्बन्धी सूचना !!!

मिति २०८३ भाद्र १० गते बुधबार इस्लाम धर्मावलम्बीहरूका धर्मगुरु हजरत मोहम्मद पैगम्बरको १५०१ औं जन्मजयन्ती परेको हुँदा उक्त ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक अवसरको सम्मानस्वरूप दुहवी नगरपालिकामा स्थानीय पर्व विदा दिने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त निर्णय अनुसार मिति २०८३ भाद्र १० गते बुधबारका दिन दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू, नगर क्षेत्रभित्र सञ्चालित शैक्षिक संस्थाहरू तथा स्वास्थ्य संस्थाहरूमा (अत्यावश्यक स्वास्थ्य सेवा बाहेक) स्थानीय पर्व विदा रहनेछ। सो दिन नियमित सेवा प्रवाह तथा प्रशासनिक कार्यहरू बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

यस पावन एवं शुभ अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बी दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, सद्भाव, सहिष्णुता, आपसी भाइचारा तथा सामाजिक एकता कायम रहोस् भन्ने हार्दिक शुभकामना समेत व्यक्त गर्दछौ।

(मेनुका पोखरेल खतिवडा)
कार्यवाहक नगर प्रमुख
दुहवी नगरपालिका।



Scanned with CamScanner